नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश नेपाल
इमेल :- ito.nalgaadmun@gmail.com

पत्र संख्या :- ०७९/०८०
चलानी न.:-

मिति :- २०७९।११।२१

प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७९।११।२१ गते

प्रस्तुत सम्बन्धमा श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस नलगाड नगरपालिकाको रोजगार सेवा केन्द्रमा प्राविधिक सहायक १ (एक) पद करारको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजश्व बुझाएको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम यस नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ र म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. माग गरिएका पद :-

| क्र.स. | विज्ञापन नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०८/०७९/०८० | प्राविधिक सहायक | १ (एक) | |

२. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क. सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह, ओभरसियर वा डिप्लोमा तह उर्तीण गरेको

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

ग. आधारभुत कम्प्यूटर सीप सम्बन्धि कम्तीमा ३ महिनाको तालिम लिएको

घ. पूर्वाधारको निर्माण र मर्मत स्तरोन्नतीका लागि आयोजनाको लागत अनुमाना सुपरिवेक्षण र अनितम लागत विवरण तयार गर्न सक्ने र विश्लेशन गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धि सिप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्यता दिईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

३. दरखास्त दिने स्थान :- प्रशासन, योजना तथा अनुगमन शाखा नलगाड नगरपालिका दल्ली, जाजरकोट ।

४. दरखास्त दिने अन्तिम मिति :- २०७९।१२।०५ गते उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट कार्यालय खुलेको दिन

५. आवेदन दस्तुर :- रु.५००। (पाँच सय मात्र)

६. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र प्रयोगात्मक

७. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु

(क) नागरिकता (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र (ग) चारित्रिक प्रमाण पत्र (घ) कामसंग सम्वन्धित अनुभव भए सोको कागजात (ङ) तालिमहरुको प्रमाणपत्र (च) २ प्रति पासपोर्ट फोटो

८. सेवा सुविधा तथा अन्य :- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धि मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

९. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्वन्धि अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको **www.pmep.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

मानबहादुर गिरी

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत